# THE SCHOOL DISTRICT OF PHILADELPHIA
## FRANCIS SCOTT KEY ELEMENTARY SCHOOL
## 2230 SOUTH 8TH STREET
## PHILADELPHIA, PA 19148

फोन नम्बर २१५-९५२-६२१६

फ्याक्स २१५-९५२-८५०५ अगस्ट २०१३

प्यारा आमाबुबा र अभिभावकहरु,

२०१३-२०१४ शैक्षिक बर्षको लागि फ्र्यानसिस स्कट कि प्राथमिक बिद्यालयको (Francis Scott Key Elementary School) भर्खरै नियुक्त गरेको प्रधानाध्यापकको रुपमा तपाईलाई परिचय दिँदा मलाई धैरै गर्व र उत्तेजना लागिरहेको छ। म सँग १५ बर्ष भन्दा बढीको कक्षा के (K) (Kindergarten) देखी १२ सम्म सब्बै कक्षाको शैक्षिक अनुभव छ जस्मा बहुभाषी र इसोल (ESOL) शिक्षाका साथ-साथै बल्याकाल बिकासमा मेरो व्येवसाय केन्द्रित भएको छ। हालै मेरो प्रशासनिक् अनुभव उत्तर फिलाडेल्फियामा (North Philadelphia) भएको के (K) देखी ८ कक्षा भएको मोरीसन प्राथमिक बिद्यालयमा (Morrison Elementary School) प्रधानाध्यापकको रुपमा नेत्रित्वले आकार दिएको छ। फिलाडेल्फियामा प्रधानाध्यापक हुनु भन्दा अगाडि मैले फिलाडेलफीया बिद्यालय जिल्लाको केद्रिय कार्यालयमा बहुभाषी बिभागको लागि काम गरेको थिएँ र त्येस् भन्दा अगाडि ११ बर्ष टेक्सस (Texas) राज्यको शिक्षा प्रणालीमा काम गरेको थिएँ। तपाईंको बालकको सफलता सुनिश्चित गर्न तपाईंको बाल-बालिकाको बिद्यालयमा शैक्षिक नेताको रुपमा मेरो योग्यता लिएर आउन र तपाईंसँग शैक्षिक साझेदार भइ काम गर्न म उत्तेजित छु।

आमाबुबा, विद्यार्थीहरु, स्टाफ सदस्यहरु, र समुदायका साझेदारहरु सँग बलियो सम्बन्ध बनाइ हाम्रो स्टाफ सदस्य सँग म कि (Key) बिद्यालयमा स्थापित गरिएको सफलताको परम्परा जारी राख्न काम गर्ने छु। चरित्र शिक्षा योजना (Character education inititatives) र २१ सौ सताब्दी योग्यता, बाल-बालिकाहरुको लागि सुरक्षित बातावरण बनाउने, बिभिन्न जानकारीहरु प्राप्त गरी अनुदेश बनाउने, सामान्य महत्वपूर्ण राज्य माँप्दण्ड (Common Core State Standards) प्राप्त हुन सफल हुन बिभिन्न प्रभावकारी योजनाहरु बनाउन, र सम्पूर्ण विद्यार्थीहरुलाई उत्तेजक र चुनौती पूर्ण मौका प्रादान गर्नमा हामी ध्यानकेन्द्रित गर्छौ।

मेरा स्टाफ सदस्यहरु र मैले तपाईंको बालकको शैक्षिक, सामाजिक र व्येवहारिक् बिकासलाई सहारा प्रदान गर्ने भएको कारण फ्र्यान्सिस स्कोट कि प्राथमिक बिद्यालयमा (Francis Scott Key Elementary School) यो शैक्षिक बर्ष सफल हुने छ भनी म आशा गर्द छु। यो बर्ष भरी, हामी संगै काम गरी विद्यालयका विद्यार्थीहरुलाई सर्वश्रेष्ठ मौका प्रदान गरी २१ सौ शताब्दीका चुनौतीहरु भोग्न तैयार हुने विश्वको स्थरका नागरिक हुन हाम्रै बिद्यालयले नै आधार बनाउने आशा राख्द छुँ।

प्रधानाध्यापक भएको खण्डमा मेरो ढोका सधैं खुल्ला हुने छ। केही चिन्ताको बारे छलफल गर्न मन भए वा केही सुझाव भए यो बर्ष सर्वश्रेस्ठ बनाउन आपोइन्टमेन्ट बनाउनु होला।

तपाईंलाई याद दिन कक्षा १ देखी एस् को लागि बिद्यालयको पहिलो दिन सेप्टेम्बर ९, २०१३ हो। किनडरगार्टेनका विद्यार्थीहरुलाई बिद्यालयको पहिलो दिन सेप्टेम्बर १६, २०१३ हो। म तपाईंको बालक सँग काम गर्न इच्छुक छु।

साझेदारी मा

स्तेफानि स्तोभर *(Ms. Stephanie Stover)*